नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या:-२०७५/७६
चलानी नं. :- ८२३

मिति : २०७६/०२/२१

विषयः- उपस्थिति सम्बन्धमा ।

श्री विराटनगर, पोखरा महानगरपालिका ।
श्री जनकपुर, हेटौडा, बुटवल, धनगढी उप-महानगरपालिका ।
श्री वीरेन्द्रनगर नगरपालिका ।

प्रस्तुत विषयमा युवा तथा खेलकुद मन्त्रालयको च.नं. १६८२, मिति २०७६/०२/१५ को पत्रानुसार युवाको नेतृत्व क्षमता विकास तथा परिचालनका लागि चालु आ.व. २०७५/०७६ मा देशका सातवटै प्रदेशमा चार दिवसीय नमूना युवा संसदको अभ्यास सञ्चालन गरिने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सम्बन्धित प्रदेश भित्रका सबै जिल्लाको प्रतिनिधित्व हुने गरी स्थानीय युवा क्लबका पदाधिकारी युवाहरु, अनलाईन आवेदनको माध्यमबाट खुला समूहबाट छनौट भएका युवा र प्रदेश सामाजिक विकास मन्त्रालयबाट सिफारिस भएका युवाहरु समेतको प्रतिनिधित्व हुने गरी संसदको अभ्यास भैरहेको र उक्त नमूना युवा संसदको औपचारिक सञ्चालन तथा समापन सत्रमा सम्बन्धित कार्यक्रम स्थलका स्थानीय तहका प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुलाई अतिथिको रुपमा उपस्थितिको लागि पत्राचार गरिदिन लेखी आएको हुदाँ सम्बन्धित पदाधिकारीहरुको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । कार्यक्रम विवरण सहितको युवा तथा खेलकुद मन्त्रालयको पत्र यसैसाथ संलग्न छ ।

...........................
जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:**
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

(६२) २-१५ यो वि स शा/मे

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(..........प्रशासन..........शाखा)

पत्र संख्या : ०७५/०७६

चलानी नं. : १६८२

सिंहदरबार, काठमाडौं
नेपाल ।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- २२२६
मिति:- २/२१
समय:-

२०७६।०२।१५

दर्ता नं.:- २०२३१
मिति:- ०७६।२।१९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौ ।

विषय:- पत्राचार गरिदिने वारे ।

यस मन्त्रालय मातहत निकाय श्री राष्ट्रिय युवा परिषद्को प.सं.०७५।७६ च.नं. ७६६ मिति २०७६।०२।१३ गतेको पत्रानुसार युवाको नेतृत्व क्षमता विकास तथा परिचालनका लागि चालु आ.व. २०७५।७६ मा देशका सातवटै प्रदेशमा तपसिलको मिति र स्थानमा चार दिवसीय नमूना युवा संसदको अभ्यास सञ्चालन गरिने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सम्बन्धित प्रदेश भित्रका सबै जिल्लाको प्रतिनिधित्व हुने गरी स्थानीय युवा क्लबका पदाधिकारी युवाहरु, अनलाईन आवेदनको माध्यमबाट खुला समूहबाट छनौट भएका युवा र प्रदेश सामाजिक विकास मन्त्रालयबाट सिफारिश भएका युवाहरु समेतको प्रनिधित्व हुने गरी ~~युवा~~ संसदको अभ्यास भैरहेको छ । उक्त <u>नमुना युवा संसदको औपचारिक सञ्चालन तथा समापन सत्रमा</u> सम्बन्धित कार्यक्रम स्थलका स्थानीय तहका प्रमुख उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुलाई अतिथिको रुपमा उपस्थितिका लागि तहाँ मन्त्रालयबाट सम्बन्धित स्थानीय तहहरुमा पत्राचार गरिदिने व्यवस्थाका लागि मिति २०७६।०२।१५ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

| सि.नं. | प्रदेश | स्थान | अभ्यास हुने मिति | प्रस्तुतीकरणको मिति |
|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | विराटनगर मनपा | २०७६ जेठ १५-१८ | २०७६ जेठ १८ गते दिउँसो १.०० बजे |
| २ | प्रदेश नं. २ | जनकपुर उमनपा | २०७६ जेठ १७-२० | २०७६ जेठ २० गते दिउँसो १.०० बजे |
| ३ | प्रदेश नं. ३ | हेटौडा उमनपा | २०७६ जेठ १९-२२ | २०७६ जेठ २२ गते दिउँसो १.०० बजे |
| ४ | गण्डकी प्रदेश | पोखरा मनपा | २०७६ जेठ २१-२४ | २०७६ जेठ २४ गते दिउँसो १.०० बजे |
| ५ | प्रदेश नं. ५ | बुटवल उपनपा | २०७६ जेठ २३-२६ | २०७६ जेठ २६गते दिउँसो १.०० बजे |
| ६ | कर्णाली प्रदेश | वीरेन्द्रनगर नपा | २०७६ जेठ २५-२८ | २०७६ जेठ २८ गते दिउँसो १.०० बजे |
| ७ | सूदुरपश्चिम प्रदेश | धनगढी उपनपा | २०७६ जेठ २७-३० | २०७६ जेठ ३० गते दिउँसो १.०० बजे |

श्री डिल्लाजी

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ६६३
मिति:- २०७६/२/२१

(रामकृष्ण श्रेष्ठ)
शाखा अधिकृत

वोधार्थ:-
श्री राष्ट्रिय युवा परिषद्
सानोठिमी,भक्तपुर ।